राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ | अंक १२९ | २०८२ मंसिर २४ गते बुधवार (10 Dec. 2025) | पृष्ठ ४ | मूल्य रु. ३।-

## महिला हिंसा गहिरिंदो समाजिक रोग हो : प्रदेश प्रमुख लाभ

दैनिक समाचारदाता
जनकपुरधाम, २३ मंसिर। मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले दाइजो प्रथा, बालविवाह, घरेलु हिंसा लगायतका सामाजिक कुरीति र हिंसालाई “समाजका गम्भीर रोग” भन्दै यसको उन्मूलनका लागि प्रत्येक नागरिक सजग र जिम्मेवार बन्नुपर्ने बताएका छन्।

राष्ट्रिय मानव अधिकार आयोग, मधेश प्रदेश कार्यालयद्वारा जनकपुरधाममा मंगलवार आयोजित ‘मधेश प्रदेशमा मानव अधिकार रक्षकहरूको अवस्था र चुनौती’ विषयक संवाद कार्यक्रममा बोल्दै उनले मधेशमा सबैभन्दा बढी महिला हिंसा, विशेषगरी घरेलु हिंसा व्यापक रहेको तथ्यांकले देखाएको उल्लेख गरे।

प्रदेश प्रमुख लाभले भने, “हाम्रो समाजमा बालविवाह, भेदभाव, दाइजो प्रथा र महिला हिंसा जस्ता निकृष्ट रोगले जरा गाडेको छ। दाइजो केवल आर्थिक लेनदेन नभई महिलाको सम्मान, सुरक्षा र बाँच्न पाउने अधिकारमाथिको प्रत्यक्ष आक्रमण हो। दाइजोको नाममा




हुने उत्पीडन, यातना र कतिपय हत्याका घटनाले सभ्य समाजको सिर झुकाएको छ।”

उनका अनुसार मानव अधिकारको सिद्धान्त प्रत्येक व्यक्तिलाई बिना भेदभाव सम्मानपूर्वक बाँच्न पाउने अधिकार दिन्छ, तर समाजमै दमन र हिंसाको वातावरण रहिरहेकाले मानव अधिकार रक्षक तथा पत्रकारहरू समेत पूर्ण रूपमा सुरक्षित छैनन्। “दोषी जो(सुकै भए पनि कानुनी तथा सामाजिक दुवै किसिमको कडा कारबाही हुनुपर्छ,” उनले जोड दिए।

कार्यक्रममा राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले पनि मधेश प्रदेशमा मानव अधिकार उल्लंघनको अवस्था ‘गम्भीर र विकराल’ रहेको बताइन्। उनले केवल एक वर्षमा २१ हजार ६६७ वटा मानव अधिकार उल्लंघनसम्बन्धी उजुरी परेको र तीमध्ये १७ हजारभन्दा बढी घरेलु हिंसाका घटना मात्र रहेको जानकारी दिइन्। तर सुरक्षा निकायमा भने करिब ७ हजार ५८३ घटना मात्र दर्ता भएको उल्लेख गर्दै उनले हिंसा दर्ताको प्रक्रियामै बाधा भएको बताइन्।

उनका अनुसार देशका अन्य प्रदेशहरू भन्दा मधेशमा महिला हिंसा, बलात्कार, हत्या तथा घरेलु हिंसा उल्लेख्य रूपमा बढी छ। तीन तहका सरकार हुँदाहुँदै पनि जनप्रतिनिधिहरूबाटै कतिपय महिलाले हिंसा भोग्नुपरेका उदाहरणहरू अझैँ देखिनु अत्यन्त दुःखद कुरा भएको उनको टिप्पणी थियो।

अध्यक्ष पराजुलीले हालैको जेन(जेड आन्दोलनमा महिलाको सहभागिता प्रशंसनीय रहेको बताउँदै, “भूमिका महत्वपूर्ण रहे पनि अधिकारका नाममा दमन, शोषण र जलाउनेसम्मका घटना घट्नु चिन्ताजनक छ,” भनिन्।

कार्यक्रममा उपमहानगर प्रमुख मनोज कुमार साह, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेललगायतका प्रतिनिधिहरूले मानव अधिकार र हिंसाविरुद्ध राज्य र समाजको समान भूमिकाको आवश्यकता औंल्याएका थिए।

कार्यक्रम दुई सत्रमा सम्पन्न भएको थियो। दोस्रो सत्रमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का प्रदेश संयोजक राजु पासमानले मधेश प्रदेशका मानव अधिकार रक्षकहरूको अवस्था तथा चुनौतीबारे डिजिटल प्रस्तुति दिएका थिए।

## सांसद बिच्छालाई पदबाट नहटाउन सर्वोच्चको आदेश



दैनिक समाचारदाता
जनकपुरधाम, २३ मंसिर । सर्वोच्च अदालतले मधेश प्रदेशसभा सदस्य कञ्चन बिच्छालाई पदबाट हटाउने निर्णय कार्यान्वयन नगर्न आदेश दिएको छ ।

सर्वोच्चका न्यायाधीश बालकृष्ण ढकालको इजलासले बिच्छालाई प्रदेशसभा सदस्यको हैसियतले नियमित कार्य गर्नबाट बञ्चित नगर्नु भनी अन्तरिम आदेश दिएको हो ।सर्वोच्चले उनलाई पदबाट हटाउनु पर्ने भनी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले मधेश प्रदेशसभामा पेश गरेको पत्र कार्यान्वयन नगर्न/नगराउन भनी आदेश समेत दिएको छ ।

सर्वोच्च अदालतले उनले पद त्याग नगरेको अनि उनलाई गरिएको अनुशासनको कारबाही कानुन अनुकूल रहे/नरहेको भन्नेबारे पछि परीक्षण हुने भन्दै अहिलेलाई पदमुक्त गर्न नमिल्ने आदेश गरेको हो । पार्टीको निर्णय विपरीत मधेश प्रदेशमा एमालेका सरोजकुमार यादव नेतृत्वको अघिल्लो सरकारमा मन्त्री नियुक्त भएको भन्दै बिच्छालाई स्पष्टीकरण सोधेको थियो ।

मन्त्री पदबाट फिर्ता नभएपछि राप्रपाले बिच्छालाई प्रदेश सांसदबाट पदमुक्त गर्न २७ कात्तिकमा सिफारिस गरेको थियो । संविधानको धारा १६८ को ३ बमोजिमको ठूलो दलको हैसियतमा नेकपा एमालेको सरकार बनेपछि विच्छा पार्टीको नीति विपरीत प्रदेश सरकारमा वन तथा वातावरण मन्त्री बनेकी थिइन् । पद खारेजी विरुद्धको रिटमा मंगलबार सर्वोच्चले दिच्छालाई राहत दिएको छ ।

## एमालेको महाधिवेशनमा १६ दललाई निम्तो

दैनिक समाचारदाता
काठमाडौं, २३ मंसिर । नेकपा एमालेले पार्टीको ११औं महाधिवेशनमा विभिन्न १६ वटा राजनीतिक दललाई निम्तो गरेको छ । अतिथि सत्कार समितिले महाधिवेशनको उद्घाटन सत्रमा सहभागी हुन १६ दलका प्रमुख नेताहरूलाई आमन्त्रण गरेको हो ।

अतिथि सत्कार समितिकी सदस्य सुनिता बराल महाधिवेशन नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), मजदुर किसान पार्टी (नेमकिपा)लाई आमन्त्रण गरिएको छ । नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डलाई निम्तो गरिएको छ । रास्वपाका कार्यवहाक सभापति डिपी अर्यालालाई आमन्त्रण गरिएको छ ।

यसबाहेक एमालेले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनता समाजवादी पार्टी (जसपा), जनता समाजवादी पार्टी (जसपा) नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपाल, राष्ट्रिय जनमोर्चालाई निम्तो गरिएको छ ।

बरालका अनुसार, जनमत पार्टी, परिवार दल, नेकपा माले, नेपाल



कम्युनिस्ट पार्टी (माओवादी), नेपाल कम्युनिस्ट पार्टी क्रान्तिकारी र नागरिक उन्मुक्ति पार्टीलाई निम्तो गरिएको छ ।


महाधिवेशनको तयारीका लागि विभिन्न उपसमितिहरू गठन भएका छन् । मूल आयोजक समितिबाहेक व्यवस्थापनको हिसाबले विभिन्न उपसमितिहरूले आ(आफ्नो काम गरिरहेका छन् ।

मूलतः मञ्च व्यवस्थापन समिति, अतिथि सत्कार समिति, आवास र स्वयंसेवक व्यवस्थापन लगायतका समितिहरूले आ(आफ्नो ढंगले काम गरिरहेका छन् । प्रचार समितिले पनि आफ्नो काम गरिरहेको छ । महाधिवेशन विशेष लोगो र जिंगल सार्वजनिक गर्ने लगायतका कामहरू भएका छन् ।

यस अन्तर्गत अतिथि सत्कार समितिले महाधिवेशनमा क( कसलाई निम्तो गर्ने भन्ने तय गरेर त्यसअनुसार आमन्त्रण पत्र पठाइएको छ ।

उनी भन्छिन्, ‘नेपालका राष्ट्रिय दलहरू र विशेष गरी कम्युनिस्ट विचारधारा बोकेका दलहरूलाई निमन्त्रणा दिएका छौँ। यो क्रम जारी छ ।’उनका अनुसार विदेशमा रहेका र निम्तो गर्नुपर्ने व्यक्तिहरूलाई भौतिक रूपमा भेटेर नभई शुभकामना सन्देश माग्ने हिसाबले सबैलाई निमन्त्रणा पठाइसकिको छ । नेपालमा रहेका विदेशी नियोगहरूलाई पनि निमन्त्रणा पठाइएको छ र उनीहरूलाई सम्भव भएसम्म उपस्थितिका लागि अनुरोध गरिएको छ ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# जनकपुरमा जेसीआईको भव्य महाधिवेशन

जनकपुरधाम यही पुसको पहिलो सातादेखि जेसीआई नेपालको ५२औँ राष्ट्रिय महाधिवेशनको आतिथ्य लिन अघि बढ्दैछ। देशभरका १८६ शाखाका पदाधिकारी, अन्तर्राष्ट्रिय प्रतिनिधि र करिब चार हजार सहभागीजन उपस्थित हुने यो आयोजनाले जनकपुरधामलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा पुनः एकपटक उजागर गर्ने अवसर प्रदान गरेको छ। यस्तो ठूलो सम्मेलन आयोजना गर्नु कुनै सामान्य प्रयत्न होइन। संरचनात्मक, प्राविधिक, सुरक्षात्मक तथा आतिथ्य व्यवस्थापनका मैदानमा स्थानीय शाखाकै नेतृत्वमा भइरहेको तयारीले जनकपुरधामको क्षमता र सम्भावनालाई स्पष्ट गर्छ।

महाधिवेशनले धार्मिक, सांस्कृतिक र पर्यटकीय हिसाबले समृद्ध जनकपुरलाई आर्थिक चलायमानतासँग पनि जोड्छ। चार दिनसम्म शहरमा आउने ठूलो भीडले होटल, यातायात, व्यापार-व्यवसाय, स्थानीय उत्पादन र सेवा क्षेत्रलाई प्रत्यक्ष फाइदा हुने छ। स्थानीय आर्थिक गतिविधिमा आउने यो उछाल केवल चार दिनको सीमित प्रभाव मात्र होइन, पर्यटन क्षेत्रका लागि दीर्घकालीन विश्वास निर्माणको आधार बन्न सक्छ।

यति ठूलो कार्यक्रम जनकपुरमा पाँचौँपटक हुन लागेको इतिहास नै यस शहरको सांस्कृतिक महत्व, भौगोलिक सहजता र जनस्तरको आतिथ्य संस्कृतिप्रति राष्ट्रिय संस्थाहरूले गरेको भरोसा हो। १९७७ देखि सुरु भएको महाधिवेशनहरूको यात्रा जनकपुरधामसँग जोडिनु यस शहरले क्रमशः विकास, व्यवस्थापन र अन्तर्राष्ट्रियकरणको दिशामा कति सुदृढ पाइला चालिरहेको छ भन्ने प्रमाण पनि हो।

यद्यपि, प्रमुख अतिथि चयनमा देखिएको अन्योलता राजनीतिक अस्थिरताको प्रत्यक्ष प्रभावको एउटा रुप हो। मुलुकका उच्च पदाधिकारीहरूको स्वास्थ्य अवस्था र राजनीतिक नेतृत्वमा देखिने अलमलले राष्ट्रिय कार्यक्रमहरूमा समेत ढिलाइ र अनिश्चितता सिर्जना हुनु चिन्ताजनक पक्ष हो। यस्ता चुनौतीले देशको संस्थागत छवि मात्रै प्रभावित गर्दैन, कार्यक्रमको विषयवस्तु र उद्देश्यलाई पनि फितलो बनाउन सक्छ। त्यसैले, राष्ट्रियस्तरका कार्यक्रमहरूलाई राजनीति वा पदव्यवस्थाको अनिश्चितताबाट मुक्त राख्ने अभ्यास हुन आवश्यक छ।

महाधिवेशनले व्यवसायिक नेतृत्व विकास, युवा क्षमताको विस्तार र राष्ट्रिय एकताको भावना बढाउने उद्देश्य बोकेको छ। स्थानीय तहमा रोजगार, उद्यम, पर्यटन र सेवालाई सम्बद्ध गर्ने यस्ता कार्यक्रमहरूले शहरको दीर्घकालीन विकासमा बलियो प्रभाव पार्छन्। जनकपुरधामले विगतमा जस्तै यस पटक पनि जेसीआईको भव्य कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्ने विश्वास आयोजक मात्र होइन, सम्पूर्ण प्रदेशले गरेको छ।

अब आवश्यक छ–यस्तो अवसरलाई केवल चार दिनको उत्सवको रूपमा नभई जनकपुरधामको स्थायी विकास, पर्यटन प्रवर्द्धन र राष्ट्रिय पहिचानको उचाइमा रूपान्तरण गर्ने सामूहिक दृष्टिकोण। जेसीआई महाधिवेशन जनकपुरको संभावनालाई देशभर देखाउने दुर्लभ अवसर हो, जसलाई दूरगामी सोच, सुशासन र स्थानीय समन्वयको बलमा अझ प्रभावकारी बनाउन सकिन्छ।

# नेपाली मतदाताका लागि एक ऐतिहासिक अवसर!



रमेश अधिकारी

आज डिसेम्बर ९ अर्थात् भ्रष्टाचार विरूद्धको अन्तर्राष्ट्रिय दिवस। विश्वभर विभिन्न कार्यक्रमका साथ यो दिवस मनाइँदै छ।

संयुक्त राष्ट्र संघको यस वर्षको नारा 'भ्रष्टाचारविरूद्ध युवाहरूसँग एकजुट हुनुहोस् र भोलिको इमानदारी निर्माण गर्नुहोस्' भन्ने छ।

यही भदौ २३ गते नवयुवाहरूको भ्रष्टाचार विरूद्धको आन्दोलनका कारण सरकार परिवर्तन भएको नेपालमा यस पटक यो दिवस अरू बेलाभन्दा फरक ढंगले सोच्नुपर्ने भएको छ।

यस पटकको दिवसले युवाहरूलाई भ्रष्टाचारविरूद्ध जागरूक बनाउने र उनीहरूलाई नेतृत्व दिने कुरामा जोड दिएको छ। यो नाराले भ्रष्टाचारलाई मात्र होइन, यसको सामाजिक, आर्थिक र राजनीतिक प्रभावलाई पनि सम्बोधन गर्न युवा पुस्तालाई एकजुट भएर काम गर्न आह्वान गरेको छ।

यही आह्वान नेपालका लागि आजको दिनमा झनै सान्दर्भिक बनेको छ। देशमा विघटित प्रतिनिधिसभाको निर्वाचन अबको ८६ दिनपछि, अर्थात् फागुन २१ मा हुँदैछ।

भदौ महिनाको जेनजी आन्दोलनले ठूलो बलिदान दिँदै देशको राजनीतिक परिदृश्य बदलिदियो। यो आन्दोलनले भ्रष्टाचार, भेदभाव र युवा असन्तुष्टिविरूद्ध र भ्रष्टाचाररहित राज्य र सुशासनको पक्षमा आवाज उठायो।

युवाहरूको आन्दोलनका कारण तत्कालीन केपी ओली नेतृत्वको सरकार ढाल्न र अन्तरिम सरकार गठन गर्न बाध्य बनायो। भ्रष्टाचार अब सहन नसक्ने रोग बनेको छ भन्ने सत्य ७६ जनाको ज्यान जाने र दुई हजारभन्दा बढी घाइते हुने यो आन्दोलनले प्रमाणित गऱ्यो।

त्यस कारण पनि नेपालले यसै वर्षको नारालाई आत्मसात गर्दै सम्पूर्ण नेपाली मतदाताहरूलाई एकजुट हुने र अन्याय तथा राज्य दोहनविरूद्ध आवाज उठाउने ऐतिहासिक र विरलै प्राप्त हुने अवसर आएको छ।

आफ्नो मत स्वच्छ र इमानदार दल तथा उम्मेदवारलाई दिएर मुलुकको भ्रष्टाचार न्यूनीकरण गर्न ठूलो भूमिका खेल्न सक्ने कुरा प्रमाणित गर्न नेपाली मतदाता चुक्नु हुँदैन।

नेपालमा दिन दुगुना, रात चौगुना भ्रष्टाचारको दर बढ्नुका थुप्रै कारण होलान्। तर मुख्य कारण देशको महँगो निर्वाचन प्रणाली पनि हो। हामी महँगो निर्वाचनमार्फत लोकतन्त्रलाई ठूलो मूल्य चुकाएका छौं।

के यस्तो डरलाग्दो खर्चबिना निर्वाचनमा उम्मेदवार हुन नसक्ने र निर्वाचित हुन नसक्ने अवस्थाले लोकतन्त्रलाई दिगो र संस्थागत बनाउला? यो महत्वपूर्ण प्रश्न बनेको छ।

यसै सन्दर्भमा, नेपालमा भ्रष्टाचारसँग सम्बन्धित केही ज्वलन्त सत्य, तथ्य र कथ्य एक पटक हेरौं।

***सत्यः ठूला काण्डहरूले उजागर गरेको कालो सत्य***

*घटना नम्बर १: खर्चको पारदर्शितामाथि प्रश्न*

२०७९ सालको निर्वाचनको चार महिनापछि नेपाली कांग्रेसका नेता शशांक कोइरालाले एक सार्वजनिक कार्यक्रममा आफूले पहिलो पटक ८५ लाख, दोस्रो पटक ३ करोड, र यस पटक (२०७९ मा) ६ करोड रूपैयाँ खर्च गरेको खुलासा गरे। निर्वाचन आयोगमा बुझाएको आधिकारिक विवरणमा भने उनले जम्मा २७ लाख ५० हजार रूपैयाँ मात्र खर्च भएको देखाएका थिए। जबकि तोकिएको सीमा २५ लाख रूपैयाँ थियो।

यति ठूलो खुलासा हुँदा पनि आयोगले चाहेको भए उनको सांसद पद नै धराशायी पार्न सक्थ्यो। स्पष्टीकरण सोधेर चेतावनी मात्र दियो। यो घटनाले निर्वाचन खर्चको अपारदर्शिता र राजनीतिक संरक्षणको नांगो रूप देखायो।

शशांकजीको बिन्दास स्वभावका कारण उनले खर्चको कुरा भनिदिए। नभने पनि उनको भन्दा धेरै धनराशी खर्च गर्ने उम्मेदवारको कमी छैन।

***घटना नम्बर २: राजनीतिक दलमाथि पैसाको कब्जा***

२०७४ सालको निर्वाचनमा पार्टीको टिकट बाँड्ने समितिमा बसेर पनि नेकपा एमालेका उपाध्यक्ष युवराज ज्ञवालीले चुनाव महँगो भएको भन्दै चुनावी मैदानमा जान नसकेको सार्वजनिक अन्तर्वार्तामै बोले।

प्रत्यक्षतर्फको चुनाव महँगो हुनाले उनले टिकट नलिने अभिव्यक्ति दिएको बुझ्न सकिन्छ। तर उनी समानुपातिकतर्फको सूचीमा पनि नपर्नुले समानुपातिकमा टिकट पाउन पनि उनको आर्थिक कारण बाधक भएको हुन सक्ने आकलन गर्न सकिन्छ।

एमालेमा स्वच्छ छवि बनाएका ज्ञवालीले स्पष्ट भनेका थिए, पार्टी सञ्चालन एवं चुनावी खर्च जुटाउन दलहरू पैसावालको दास बन्न उन्मुख छन्।

यही ढंगले राजनीतिक दलहरू चल्ने हो भने 'दलाल पुँजीपति' वर्गको कब्जामा पुग्न अब धेरै समय लाग्ने छैन।

उनले भनेका थिए, 'पछिल्लो समय ठेकेदारहरू पार्टीमा हावी हुँदै आएका छन् र जिल्ला जिल्लामा ठेकेदारहरू हावी छन्। ठेकेदारले नेता पालेका छन्। नेताहरू ठेकेदारबाट सञ्चालित छन्।'

जेनजी आन्दोलनबाट विस्थापित सदनमा १५ देखि १८ प्रतिशत सांसद निर्माण व्यवसायी (ठेकेदार) पृष्ठभूमिका रहेको अनुमान थियो। ठेकेदार वा व्यापारी सांसद नै हुन नहुने होइन, तर उनीहरूबाट स्वार्थको द्वन्द्व र संस्थागत भ्रष्टाचार भएको बारम्बार देखिएको छ। भोगिएको छ।

***घटना नम्बर ३: पचास करोडको टेलिफोन वार्ता***

तीन पटक उपप्रधानमन्त्रीसहित ६ पटक मन्त्री भइसकेका माओवादीका तत्कालीन विदेश विभाग प्रमुख तथा पूर्वमन्त्री कृष्णबहादुर महरा र एक जना चिनियाँ नागरिक भनिएका व्यक्तिबीचको टेलिफोन वार्ताको अडिओ सार्वजनिक भयो।

टेपमा सबभन्दा चासोको विषय प्रत्येक सांसदका लागि एक करोड रूपैयाँका दरले ५० जनाका लागि ५० करोड रूपैयाँ मागिएको प्रसंग थियो। यद्यपि यो आवाज महराकै हो वा होइन भन्नेबारे अनुसन्धान नै भएन।

आवाज प्रयोगशालाबाट प्रमाणित हुनु प्राविधिक कुरा होला, तर जनताले कसरी बुझेका छन्, त्यो झनै महत्वपूर्ण कुरा हो। भनिन्छ, महराजीको सो संवाद रेकर्ड भयो तर रेकर्ड नभएका यस्ता थुप्रै वार्ता छन् र विभिन्न दिशाबाट निर्वाचनको बेलामा आउने गरेका छन्।

***घटना नम्बर ४: निर्वाचन ऋण तिर्न पद दिन तयार***

२०७६ माघमा भएको नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय समिति बैठकमा केन्द्रीय सदस्य राम कार्कीले निर्वाचन प्रणालीबारे चोटिलो सवाल उठाउँदै निर्वाचनमा लागेको ऋण तिरिदिने कोही मान्छे भेटिए पद नै दिन तयार रहेको बताएका थिए।

नेता कार्कीको यो भनाइपछि महँगो निर्वाचन प्रक्रिया र भ्रष्टाचारको सम्बन्धबारे केही समय निकै तातो छलफल भए पनि पछि सेलायो। यद्यपि यसले महँगो निर्वाचन प्रक्रिया र भ्रष्टाचारको सम्बन्धबारे केही गम्भीर तरंग उत्पन्न गरेको छ।

कार्कीजीको अन्तरमनबाट आएको कुराले चुनावपछि उहाँ ऋणले थलिएको हुनुपर्छ।

पछिल्लो समय चर्चामा आएका नक्कली भुटानी शरणार्थी काण्ड, ललिता निवास जग्गा प्रकरण, वाइडबडी विमान खरिद घोटाला, ओम्नी प्रकरण, सुरक्षा मुद्रण प्रेस खरिद प्रकरण, सहकारी वित्तीय अनियमितता, टेलिकम/एनसेल कर छली प्रकरण, सुन तस्करी प्रकरण र विभिन्न स्थानीय र प्रदेश तहका अनियमितता तथा विकासे योजनामा भ्रष्टाचार जस्ता जघन्य अपराधदेखि लिएर कर फछ्र्यौट आयोगको १० अर्ब बढीको आर्थिक हिनामिनासम्मका ठूला घोटालारले भष्टाचारलाई संरक्षित र संस्थागत बनाइरहेको देखिन्छ।

यी घटनाले सामान्य कर्मचारी वा तल्लो तहमा मात्र होइन, बरू पूर्व प्रधानमन्त्री, पूर्व उपप्रधानमन्त्री, मन्त्री, सांसद र उच्च पदस्थ कर्मचारीसमेत भ्रष्टाचारको सञ्जालमा संलग्न देखाउँछ। यसबाट राजनीतिक संरक्षणमा ठूलो मात्रामा भ्रस्टाचार फस्टाएको तथ्य देखिन्छ।

**तथ्यः आँकडाले बोल्ने कथा**

- अब तथ्य हेरौं।
- मैले तथ्य हेर्न तीन प्रमाणको विश्लेषण गर्ने प्रयास गरेको छु।
- प्रमाण १: अनुसन्धान आयोगमा दर्ता उजुरी

आर्थिक वर्ष २०७६/७७ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा दर्ता भएका २५ हजार १५२ वटा उजुरीको तुलनामा आर्थिक वर्ष २०८१/८२ मा बढेर ३७ हजार २६ पुग्यो। यो तथ्यांकले पाँच वर्ष अवधिमा उजुरी संख्या करिब ४७.१७ प्रतिशत वृद्धि भएको देखाउँछ। यद्यपि, उजुरी संख्यामा आएको यो तीव्र वृद्धिले नेपालमा भ्रष्टाचारको समग्र दर पनि बढेको हो भन्ने निश्चित निष्कर्षमा सधैं पुग्न सकिँदैन।

उजुरी बढ्नुको एउटा कारण नागरिकमा भ्रष्टाचारविरूद्ध आवाज उठाउने चेतना बढेको, भौगोलिक तथा प्रशासनिक रूपमा अख्तियारको पहुँच तथा कार्यक्षमता विस्तार भएको वा नागरिकले अनुसन्धान आयोगलाई बढी विश्वास गर्न थालेको पनि हुन सक्छ।

तर सार्वजनिक सेवा प्रवाहमा देखिएको अनियमितता र महँगो निर्वाचन प्रणालीका कारण नेताहरूको जबाफदेहिता घट्दै गएको जनगुनासोले यो उजुरी वृद्धि केवल चेतनाको कारणले मात्र नभई, देशमा भ्रष्टाचारको दायरा र मात्रा दुवै विस्तार भएको यथार्थ प्रस्ट औंल्याउँछ।

त्यसैले भनिन्छ, नेपालमा भ्रष्टाचार पनि विकेन्द्रीकरण भएको छ।

***प्रमाण २: भ्रष्टाचार अवधारणा सूचकांकमा नेपालको खस्किँदो अवस्था***

ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदन अनुसार नेपालमा भ्रष्टाचार नियन्त्रणमा खासै सुधार हुन सकेको छैन, बरू सार्वजनिक क्षेत्रमा भ्रष्टाचारको अनुभव वा 'परसेप्सन' यथावत वा थोरै खस्किएको देखिएको छ।

सन् २०१९ को भ्रष्टाचार अवधारणा सूचकांकमा नेपालले १०० मा ३४ अंक प्राप्त गरेको थियो। विश्वमा ११३औं स्थानमा थियो। यसको तुलनामा, सन् २०२४ को प्रतिवेदनमा नेपालको अंक १ ले घटेर ३३ मा झरेको छ र ११७ औं स्थानमा पुगेको छ।

बाँकी ४ पृष्ठमा

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

| एम्बुलेन्स | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

| प्रहरी कार्यालय | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

| अस्पतालहरू | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

| महत्वपूर्ण कार्यालयहरू | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केबुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ओलीबाट महिलाप्रति अपमानमात्रै भयो, यस्तो नेतृत्व चाहिँदैन : नेतृ अष्टलक्ष्मी

दैनिक समाचारदाता
काठमाडौं, २३ मंसिर । नेकपा एमालेकी उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले एमाले अध्यक्ष केपी ओलीले महिलाहरूलाई सधैं अपमान गरेको आरोप लगाएका छन् ।

एमालेको ११ औं महाधिवेशन सन्दर्भमा मंगलबार आयोजित अन्तरसंवाद कार्यक्रममा उनले यस्तो आरोप लगाएकी हुन् । ओलीले पूर्वराष्ट्रपति विद्या भण्डारीलाई 'धामीझाँक्री' भनेर अपमान गरेकोप्रति उनले आपत्ति जनाइन् ।

गणतन्त्र नेपालको प्रधानमन्त्री भइसकेको व्यक्तिले पूर्वराष्ट्रपतिलाई पटकपटक अपमानित शब्दहरू प्रयोग गर्ने गरेको उनको आरोप छ ।

'उहाँ (केपी शर्मा ओली) मा सोच नै छैन । महिलाप्रति हेर्ने दृष्टिकोण नै छैन । महिलालाई अपमान गरेको गर्‍यै छ,' शाक्यले आक्रोश पोखिन्, 'आधा भन्दा बढी जनसंख्याको हिस्सा महिलाले



ओगटिरहेको अवस्थामा, महिला हिंसाविरुद्धको यत्रो १६ दिने अभियान मात्रै होइन, निरन्तर आवाज उठिरहको बेलामा यो खालको शब्द प्रयोग गर्ने भनेको सबै महिलाहरूको अपमान हो । यसको विरुद्ध सशक्त आवाज उठ्नुपर्छ ।'

महिलाको अपमान गर्नेको विरुद्ध सशक्त आवाज उठाउनुपर्ने शाक्यको भनाइ छ । महिलालाई अपमान गर्ने, अवमूल्यन गर्ने नेतृत्व आजको आवश्यक्ता नभएको उनको उनले बताइन् ।

'एउटा पूर्वराष्ट्रपति, परमाधिपति पनि भन्छौं, देशको संरक्षक पनि भन्छौं, संविधानको संरक्षक पनि भन्छौं । उहाँलाई धामीझाँक्री भनेको के हो ? यस्तो अपमान गर्न पाइन्छ ?', उनले भनिन्, 'सामान्य महिलालाई त गर्न पाइँदैन भने पूर्वराष्ट्रपति भइसकेकोलाई यो शब्दले अपमान गर्ने हद भनेको यो नेतृत्वलाई सुहाउँदैन । यो नेतृत्वले गर्नै हुँदैन । तर गर्न हुन्छ, कसले गर्न हुन्छ ? केपी ओलीले गर्न हुन्छ ।'

अध्यक्ष ओलीले सञ्चारमाध्यममा पूर्वराष्ट्रपति भण्डारी चालेका कदमहरूमा व्यंग्य भावसहित आफूसँग सल्लाह नै नगरिकन परैदेखि धामीले जस्तो घुमरौं लाएर झल्याङ्-झल्याङ् गरेर मुजुरका प्वाँख-स्वाँख लाएर ढ्याङढ्याङ पार्दै 'म राष्ट्रपतिबाट आएँ, ठाउँ छोड्, ठाउँ छोड्, म अध्यक्ष हुन्छु, ठाउँ छोड्' भन्दै आउन मिल्छ ? भन्दै प्रश्न उठाएका थिए ।

सोही कुरालाई उपाध्यक्ष शाक्यले आपत्ति जनाएकी हुन् । ओलीजस्तो नेतृत्व अबको आवश्यकता नभएको उनको भनाइ छ ।

'यस्तो नेतृत्व अबको आवश्यक्ता होइन । महिलालाई अपमान गर्ने नेतृत्व आजको आवश्यक्ता होइन । महिलालाई अवमुल्यन गर्ने नेतृत्व आजको आवश्यकता होइन । त्यसो भएको हुनाले यो इस्यू चाहीँ जल्दोबल्दो रुपमा उठाउनुपर्छ, उठ्नुपर्छ,' उनले भने ।

# औरही पालिकाद्वारा कमला पुल निर्माणका लागि एक करोड सहयोग

दैनिक समाचारदाता
सिरहा २३ मंसिर । सिराहा-धनुषा जोड्ने कमला नदीमा जनस्तरबाट पुल निर्माणका लागि सिरहाको औरही नगरपालिकाले एक करोड सहयोग गरिने घोषणा गरेको छ ।

मधेश प्रदेशको जीवन रेखा मानिएको कमला नदीमा निर्माण भएको पुल सञ्चालनमा नआउँदै भासिएको चार वर्षपछि पुनर्निर्माणका लागि गाउँपालिका अध्यक्ष शिवजी यादवले एक करोड रकम दिने घोषणा गर्नुभएको हो ।

त्यसोत, हुलाकी सडक निर्माण अभियन्ता वरिष्ठ लेखक रामरिझन यादवले गत शनिबार जनस्तरबाट चन्दा सङ्कलन गरेर भए पनि पुल निर्माण अभियान सुरु गर्नुभएको छ ।

कुनै पहल नभएपछि जनस्तरबाटै पुल निर्माणको अभियान सुरु गर्न लागेको यादवले बताउनुभयो । उहाँले भन्नुभयो, "पुल निर्माणका लागि थप सहयोग जुटाउन विष्णुमहायज्ञ गर्ने तयारीसमेत भइरहेको छ ।"

यहि मङ्सिर ५ गते ऊर्जा जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्री कुलमान घिसिङले



कमला पुलको निरीक्षण गर्नुभएको थियो । निरीक्षणका क्रममा तत्कालीन र दीर्घकालीन रुपमा समस्या समाधान गरिने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभएको थियो ।

उहाँले यही पुललाई मर्मत गर्न सकिन्छ कि अर्को पुल निर्माण गर्नुपर्ने हो यस विषयमा निष्कर्षमा पुगी समस्या समाधान गरिने विश्वास व्यक्त गर्नुभएको थियो । मन्त्री घिसिङलाई ध्यानाकर्षण पत्र बुझाउँदै अभियानी राम रिझन यादवले नेपाल सरकारले कुनै चासो नलिए जनस्तरबाट चन्दा सङ्कलन गरेर भए पनि पुल निर्माण गरिने अनुमति माग गर्नुभएको थियो ।

चार सय ७० मिटर लामो ११ मिटर चौडाइ साढे तीन वर्षभित्रै सम्पन्न गर्नेगरी २०६८ साल मङ्सिरमा २४ करोड ९१ लाखमा पप्पु विल्डर्स कन्स्ट्रक्शनले लिएको थियो । पटक पटक म्याद थप्दा पनि पुल निर्माण कार्य अघि नबढ्दा २०७५ सालमा हुलाकी मार्ग निर्माणका लागि वरिष्ठ लेखक रामरिझन यादवको नेतृत्वमा रिले अनसन गरेर दबाब सृजना गर्दा हुलाकी राजमार्ग निर्देशनालयले पप्पु कन्स्ट्रक्शनबाट ठेक्का तोडेर २०७६ असोज १ मा लुम्बिनी बिल्डर्स कन्ट्रकशनले सम्झौता गरेको थियो ।२०७८ असार १३ गतेभित्र सम्पन्न गर्ने गरी भएको सम्झौता अनुसार काम तीव्र गतिमा अघि बढ्यो । काम सम्पन्न भएर उद्घाटन गर्न तयारी भइरहेको अवस्थामा २०७८ असार १७ गते आएको बाढीले पुलको पूर्वपटिको पाया भासिएको थियो । यस पश्चिमपटिको पायामा समेत असर परेको छ ।

# सप्तरीबाट हराएका १११ जना अझै बेपत्ता

दैनिक समाचारदाता
सप्तरी,२३ मसिर । सप्तरीबाट हराएका एक सयभन्दा बढी बालबालिका, महिला तथा ज्येष्ठ नागरिक फेला पर्न नसकेको प्रहरीको तथ्याङ्कले देखाएको छ ।साढे तीन वर्षको अवधीमा जिल्लाबाट हराएका बालबालिका, महिला तथा ज्येष्ठ नागरिकमध्ये एक सय ११ जना अहिलेसम्म फेला पर्न नसकेको प्रहरीको तथ्याङ्कले देखाएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले लैङ्गिक हिंसाविरुद्ध आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा आर्थिक वर्ष २०७८/०७९, ०७९/०८०, २०८०/०८१ र चालु आ.व . २०८२/०८३ को हालसम्म हराएका १११ जना फेला पर्न नसकेको प्रहरी निरीक्षक अनिल साहले जानकारी दिनुभयो ।

उहाँले मात्रै यो तीन वर्षमा ४२६ जना हराएकोमा ३६१ जना भेटिएको र ६५ जना अझै नभेटिएको बताउनुभयो ।यस अवधिमा ४६ जना बालक हराएकोमा ३९ जना भेटिएको र सात जना नभेटिएको, १५२ जना बालिका हराएकोमा ११९ जना भेटिएको, २११ जना महिला हराएकोमा १९५ जना भेटिएको र नै जना ज्येष्ठ नागरिक हराएकोमा आठ जना भेटिएको प्रहरीको तथ्याङ्कले देखाएको छ ।यस्तै, चालु आ.व. २०८२/८३ को साउनदेखि अहिलेसम्म १३९ जना हराएकोमा ८० जना भेटिएको र ४६ जना अझै फेला पर्न सकेको छैन । यसरी ६५ जना र ४६ जना गरी एक सय ११ जना अझै बेपत्ता छन् ।

यस अवधीमा १० जना बालक हराएकोमा ८ जना फेला परेको, ५२ जना बालिका हराएकोमा ३२ जना भेटिएको, ६१ जना महिला हराएकोमा ३१ जना भेटिएको, १४ जना पुरुष हराएकोमा ८ जना भेटिएको र दुई जना ज्येष्ठ नागरिक हराएकोमा एक जना भेटिएको कार्यक्रममा गरिएको तथ्याङ्कमा उल्लेख छ ।

प्रमुख अतिथि निवर्तमान प्रतिनिधिसभा सदस्य रहनुभएको उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय सप्तरीमा पाँच महिनामा ९५ वटा महिला हिंसाका उजुरी परेको बताइएको छ ।जिल्ला प्रहरीका अनुसार चालु आ.व.को साउनदेखि अहिलेसम्म ९५ वटा उजुरी पर्दा ७० वटाको मिलापत्र गराइएको र २५ वटा सम्पर्कमा नआएकाले बाँकी रहेको हो ।यस अवधीमा घरेलु हिंसासम्बन्धी १४ वटा निवेदन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक केन्द्रमा परेको छ । त्यसमध्ये १२ वटाको मिलापत्र गराइएको र २ वटा बाँकी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## नेपाली मतदाताका........

यसरी पाँच वर्षमा नेपालको अंक ३४ बाट ३३ मा झर्नुले अन्तर्राष्ट्रिय समुदाय र विभिन्न सर्वेक्षण गर्ने संस्थाहरूले नेपालको सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचारको अवस्थामा सुधार नभई बढेको देखाउँछ।

यो तथ्यांकले भ्रष्टाचारविरूद्ध सशक्त कानुनी कारबाही, स्वार्थको द्वन्द्व व्यवस्थापन, र ठूला भ्रष्टाचार काण्डहरूमा राजनीतिक नेतृत्वको इच्छा शक्तिको अभावका कारण नेपाल अपेक्षित रूपमा राम्रो गर्न असफल रहेको स्पष्ट संकेत गर्छ।

***प्रमाण ३: महालेखा परीक्षकको प्रतिवेदन–सुशासनको कालो धब्बा***

महालेखा परीक्षकको कार्यालयको ६२ औं वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/८१ सम्म कारबाही गरी टुंगो लगाउनुपर्ने कुल बेरूजु ७३३.१९ अर्ब रूपैयाँ पुगेको छ।

एक वर्षमा मात्र अद्यावधिक बेरूजु ९.४५ प्रतिशतले बढेको छ।

२०७९/८० सम्म ६७० अर्ब रूपैयाँभन्दा बढी रहेकामा २०८०/८१ सम्म ७३३.१९ अर्ब रूपैयाँ पुगेको हो।

यसले सार्वजनिक खर्चमा अनियमितता र जबाफदेहिताको अभाव उजागर गर्छ। यसरी नेपालको बेरूजु सुशासनको ठूलो कालो धब्बा हो।

**कथ्यः जनधारणाको डरलाग्दो चित्र**

सुशासनको मूल्यांकन तथ्यहरूभन्दा पनि जनताको धारणामा आधारित हुनुपर्छ। त्यसैले यसलाई व्यावहारिक रूपमा यसको आधारभूत जग, आयाम र यसले समेट्ने विभिन्न तत्वका आधारमा व्याख्या गर्नु उपयुक्त हुन्छ।

***जनधारणा १: भ्रष्टाचार बढेको जनविश्वास***

ट्रान्सपरेन्सी इन्टरनेसनलको ग्लोबल करप्सन ब्यारोमिटर एसिया प्रतिवेदन-२०२० अनुसार सर्वेक्षणमा सहभागी ५८ प्रतिशत नेपालीले सन् २०१९ को तुलनामा देशमा भ्रष्टाचार बढेको विश्वास व्यक्त गरेका थिए।

लाजमर्दो कुरा त यो तथ्यांक एसियाका १७ देश र क्षेत्रमध्ये सर्वाधिक थियो। यसले नेपालमा भ्रष्टाचार बढेको भन्ने जनमानसमा रहेको बलियो धारणा संकेत गर्छ।

*जनधारणा २: सबैभन्दा भ्रष्ट संस्थामा शीर्ष राजनीतिक नेतृत्वको धारणा*

चाखलाग्दो कुरा, उक्त सर्वेक्षणमा नेपाली नागरिकले राष्ट्रपति वा प्रधानमन्त्रीको संस्थालाई सबभन्दा भ्रष्ट संस्था मानेका थिए। ५० प्रतिशत सहभागीले यी संस्थामा धेरै वा सबै व्यक्ति भ्रष्ट रहेको धारणा राखेका थिए। उनीहरूको संकेत कार्यकारीमा रहेका नेताहरू र उच्च पदस्थ कर्मचारीतर्फ थियो। त्यसपछि संसदका सदस्यलाई ४३ प्रतिशतले भ्रष्ट मानेका थिए।

यो अवस्थामा नेपाली जनताले आश्चर्य मान्दैनन्।

राजनीतिक नेतृत्व र निर्णय गर्ने शीर्ष निकायमा नै भ्रष्टाचारबारे उच्च जनधारणा हुनुले देशको समग्र सुशासन र जबाफदेहितामाथि गम्भीर प्रश्न खडा गर्छ।

*जनधारणा ३: अख्तियारकै सर्वेक्षणले देखाएको डरलाग्दो कथा*

अख्तियारले प्रत्येक पाँच वर्षमा गर्ने नेपालको भ्रष्टाचार र सुशासनको अवस्था सम्बन्धी अध्ययन २०७५ सालपछि भएको छैन। २०७५ को सर्वेक्षणमा १,६६८ उत्तरदातामध्ये ५५२ जना अर्थात् ३३ प्रतिशतले काम सम्पन्न गर्न अतिरिक्त दस्तुर अर्थात् घुस बुझाएको बताएका थिए। सो तथ्यले नेपालमा भ्रष्टाचारको स्थिति कति डरलाग्दो छ भन्ने आकलन गर्न सकिन्छ।

त्यस्तै यसले सार्वजनिक सेवा लिने करिब ३३ प्रतिशत नागरिकले आफ्नो वैधानिक काम गराउन गैरकानुनी भुक्तानी गर्न बाध्य भएको प्रत्यक्ष अनुभव देखिएको छ। यसले भ्रष्टाचार केवल उच्च पदस्थ व्यक्तिको अनियमितता मात्र नभई संस्थागत बेथितिका रूपमा सामान्य जीवनमा समेत जकडिएको प्रमाणित गर्छ। हरेक तेस्रो सेवाग्राहीले घुस तिर्नुपर्ने अवस्थाले सार्वजनिक सेवामाथिको विश्वास गुमेको र सुशासन स्थापना गर्ने निकायहरूको प्रभावकारितामाथि गम्भीर प्रश्न उठ्छ।

यी तीनटै उदाहरणले नेपालमा भ्रष्टाचार उजुरीको संख्यामा मात्र नभई जनधारणा र प्रत्यक्ष अनुभवमा समेत बढ्दै गएको देखाउँछन्।

***यस्तो स्थिति कम गर्न के गर्ने?***

भ्रष्टाचारलाई दिगो रूपमा रोक्न एकल प्रयास कहिल्यै पर्याप्त हुँदैन। यसका लागि जनता, सरकार, नागरिक समाज, निर्वाचन आयोग र मिडियाबाट सामूहिक प्रयास आवश्यक छ। जनताले मतदान गर्दा उम्मेदवारको भ्रष्टाचारको विगत जाँच्नु, स्थानीय तहमा पारदर्शी योजनाको निगरानी गर्नु र सामाजिक सञ्जालमार्फत जबाफदेहिता माग्नुपर्छ।

सरकारले भ्रष्टाचारविरूद्ध कडा कानुन कार्यान्वयन गर्नु, कानुन कार्यान्वयनमा सबैलाई समान व्यवहार गर्नु, राजनीतिक दललाई चुनावी खर्च पारदर्शी बनाउन बाध्य बनाउनु र बेरूजु फछ्र्यौट संयन्त्र सुदृढ गर्नुपर्छ।

नागरिक समाजले जागरण अभियान चलाउनु, युवालाई नेतृत्व दिनु र सरकार तथा दलमाथि खबरदारी गर्नु उसको दायित्व हो।

निर्वाचन आयोगले खर्च सीमा तोकेको भए पनि कडाइका साथ लागू गर्न सकेको छैन। कतिपय बेला आँखा चिम्लिएएर सामान्य स्पष्टीकरणमै उन्मुक्ति दिइन्छ।

अब उम्मेदवारको सम्पत्ति विवरण सार्वजनिक भएपछि मात्र उम्मेदवारी स्वीकार्ने व्यवस्था अनिवार्य हुनुपर्छ।

मिडियाले भ्रष्टाचार काण्ड बाहिर ल्याएपछि मात्र सरकारी निकाय सक्रिय हुने अवस्था देखिन्छ। अनि मिडियाको भूमिका फेक न्यूज रोक्नु र जनचेतना फैलाउनु हो।

*नेपालको भ्रष्टाचारले खस्किएको अन्तर्राष्ट्रिय छवि*

ट्रान्सपरेन्सी इन्टरनेसनलको २०२४ भ्रष्टाचार अवधारणा सूचकांकमा नेपाल १०७ औं स्थानमा झरेको छ। यसले अन्तर्राष्ट्रिय समुदायमा नेपाललाई भ्रष्ट देशको रूपमा चित्रण गरेको छ। यसले विदेशी लगानी घटाएको छ र पर्यटन क्षेत्रमा प्रत्यक्ष असर परेको छ।

भ्रष्ट राष्ट्रमा अन्तर्राष्ट्रिय सहायता पनि घट्छ। रेमिटेन्समा निर्भर अर्थतन्त्रमा भ्रष्टाचार विकासको बाधक बनेको छ।

भदौमा सामाजिक सञ्जाल सूचीकरण विवादपछि एक्स (ट्) ले नेपाललाई भ्रष्ट मुलुकमध्ये शीर्ष स्थानमा राख्दै त्यहाँ दर्ता नगर्ने नीति स्पष्ट पारेको घटनाले नेपालको अन्तर्राष्ट्रिय छवि थप खस्किएको छ।

युएनको अन्तर्राष्ट्रिय भ्रष्टाचारविरोधी महासन्धि नेपालले २०११ मार्च २९ मा अनुमोदन गरिसकेको छ। यसलाई कडाइ साथ लागू गर्न सम्पत्ति शुद्धीकरण, विदेशी घुस, अन्तर्राष्ट्रिय सहयोग र सम्पत्ति फिर्ताका विषयमा कानुनी सुधार आवश्यक छ।

*अख्तियारलाई राजनीतिक हस्तक्षेपमुक्त बनाइनुपर्छ।*

*फागुन २१ को निर्वाचन र स्वच्छ उम्मेदवार*

फागुन २१ को निर्वाचनमा स्वच्छ उम्मेदवार विजयी भए अन्तर्राष्ट्रिय विश्वास फर्किन सक्छ, नत्र हामी सधैं भ्रस्ट देशकै सूचीमा रहनेछौं।

मतदाताले उम्मेदवारको विगत जाँच गर्नु, युवाले विवेक प्रयोग गर्नु, सामाजिक सञ्जाल र नागरिक समाजबाट स्वच्छ उम्मेदवार अभियान चलाउनु आवश्यक छ।

अन्तर्राष्ट्रिय भ्रष्टाचार विरोधी दिवस केवल औपचारिकता नभई कार्यान्वयनको अवसर बन्नुपर्छ। यदि जनता, सरकार, नागरिक समाज, आयोग र मिडियाले सक्रिय भूमिका निर्वाह गरेनन् भने यो दिवस केवल मनाउने दिनमा सीमित हुनेछ।

जेन्जी आन्दोलनको बलिदान व्यर्थ नजाओस्। युवाहरू, तपाईंहरूको मतले भोलिको इमानदार नेपाल निर्माण हुन्छ। साभार:सेतोपाटीडटकम

# राजासहितको नयाँ सहमति माग्दै लिङ्देनको चेतावनी

दैनिक समाचारदाता
काठमाडौं, २३ मंसिर । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले राजसंस्थासहितको नवीन सहमति भएन भने अर्को विद्रोह बेहोर्न तयार हुनुपर्ने बताएका छन् ।विगतमा आफूले राजा, राजनीतिक दलहरूको बीचमा नवीन समभ्रदारी गरेर देशलाई दुर्घटनामा जानबाट जोगाऔं भन्दा हाँसो ठट्टामा उडाएको उनले गुनासो गरे ।



मंगलबार राप्रपाले काठमाडौंमा आयोजना गरेको सभालाई सम्बोधन गर्दै लिङ्देनले चुनाव अगावै राजासहितको नवीन समभ्रदारी गर्नुपर्ने बताएका हुन् ।

'यही व्यवस्था अन्तर्गत चुनाव गर्ने कुरा समस्यालाई केही पर सार्ने मात्र हो । योभन्दा ठूलो ध्वंस देशले बेहोर्नुपर्ने हुनसक्छ', लिङ्देनले भने, 'सहमति भएन भने अर्को विद्रोह बेहोर्न तयार हुनुपर्छ, यो लिङ्देनको धम्की होइन, सुझाव हो ।'

लिङ्देनले समस्याको निदान गरेर मात्र चुनावमा जानु पर्ने बताए ।

'जनताको आक्रोश केपी ओलीलाई हटाएर सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउन मात्र भएको थिएन, जनताको आक्रोश सिद्धियो, अब चुनाव गर्ने र मुलुकलाई अगाडि लैजाने भन्नु भूल हुनेछ', उनले भने, 'देशलाई भूराजनीतिको गम्भीर चक्रव्यूहबाट निकास दिनका लागि चुनावभन्दा अगाडि नै राजा, राजनीतिक दल र आन्दोलनले स्थापित गरेको शक्तिबीच नयाँ समभ्रदारी कायम गरेर मात्र जानुपर्छ ।'

लिङ्देनले राजनीतिक दलका नेताहरू सच्चिनु भएन भने भाग्नुपर्ने दिन आउँछ भन्दा आफूलाई हाँसी मजाकमा उडाएको स्मरण गरे ।

'विगतको व्यवस्था र राजालाई गाली गरेर कसैले उन्मुक्ति पाउँदैन । कांग्रेस-एमाले-माओवादी ३५ वर्षदेखि सत्तामा छन् । देश बर्बादीको जिम्मा ती दलले लिने कि नलिने ?' उनले प्रश्न गरे ।

# जरिबाना नतिर्ने दलले चुनाव लड्न पाएन

दैनिक समाचारदाता
काठमाडौं, २३ मंसिर । निर्वाचन आयोगले तोकेको जरिबाना नतिर्ने राजनीतिक दलको चुनाव लड्नेसम्बन्धी निवेदन खारेज भएको छ ।




निर्वाचन आयोगले गत मंसिर १४ गतेसम्म प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनका लागि दल दर्ताको निवेदन लिएको थियो । जस अन्तर्गत १२० दलले निवेदन दिएका थिए ।

१२० वटा दलभित्र निर्वाचन आयोगले समयमै आय(व्यय विवरण नबुझाएका कारण जरिबाना तोकेका ६ वटा राजनीतिक दल समेत थिए । अखण्ड सुदूरपश्चिम पार्टी नेपाल, संघीय विकासवादी पार्टी नेपाल, गान्धीवादी पार्टी नेपाल, संघीय नेपाल पार्टी, नेपाल मातृभूमि पार्टी र राष्ट्रवादी युवा मोर्चाले आर्थिक वर्ष २०८०/८१ को आय(व्यय विवरण बुझाएका थिएनन् । यी ६ वटा दलमध्ये एउटाले निर्वाचन प्रयोजनका लागि दिएको दल दर्ताको निवेदन नै फिर्ता लियो । चारवटा दलले अन्य दलसँग संयुक्त चुनाव लड्ने भनेर निवेदन दिए । आयोगले तोकेको जरिबाना पनि तिरे । तर, अखण्ड सुदूरपश्चिम पार्टीले भने जरिबाना रकम तिरेन । जरिबाना नतिरेपछि आयोगले दल दर्ताको लागि दिएको निवेदन नै खारेज गरिदिएको हो । निर्वाचन आयोगले २१ फागुनमा तय भएको चुनावमा भाग लिने दलहरूको सूची सार्वजनिक गरिसकेको छ । प्रतिनिधि सभाको निर्वाचनमा प्रत्यक्षतर्फ ११४ दलले भाग लिँदैछन् । समानुपातिक तर्फ भने दल दर्ताको क्रम चलिरहेको छ ।

# अन्तिमपटक चुनाव लड्छु : सभापति देउवा

दैनिक समाचारदाता
काठमाडौं, २३ मंसिर । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले डडेल्धुराबाट आसन्न निर्वाचनमा उम्मेदवार हुने बताएका छन् । सभापति देउवाले अन्तिमपटक चुनावी प्रतिस्पर्धा गर्ने नेताहरुलाई बताएका हुन् ।



डडेल्धुराका कांग्रेस सभापति भीमबहादुर साउदले सभापति देउवाले उम्मेदवार हुने इच्छा राखेपछि सर्वसम्मत सिफारिस गरिने बताए । अघिल्लो साता सभापति देउवालाई भेट्न महाराजगञ्जस्थित निवास पुगेका सुदूरपश्चिमका एक केन्द्रीय सदस्यले पनि देउवाले चुनाव लड्न चाहेको बताएको जानकारी गराए । सभापतिलाई भेटेका ती नेताले भने,'साथीहरुले तपाईं नै उठ्नुपर्‍यो भनेका छन् । म उठ्छु भन्नुभएको छ ।'

मंगलबार बिहान सभापति देउवालाई भेट्न पुगेका नेविसंघका नेता भुवन भट्टले पनि सभापति देउवाले अन्तिमपटक चुनावमा उठ्ने जानकारी गराएको बताए ।

कांग्रेस यही महिनाको अन्तिमसम्म केन्द्रमा नाम सिफारिस गर्न परिपत्र गरेको छ । निर्वाचन क्षेत्रीय समितिले प्रदेश समितिलाई मंसिर २५ भित्र नाम पठाउन भनिएको छ । कांग्रेस विधान अनुसार एक महिला सहित तीन जनाको नाम उपल्लो तहमा सिफारिस गर्नुपर्ने व्यवस्था छ ।देउवाले २०४८ सालदेखि निरन्तर डडेल्धुरामा चुनाव जित्दै आएका छन् ।

# आरजु राणा देउवा कैलाली-५ बाट उम्मेदवार सिफारिस

दैनिक समाचारदाता
काठमाडौं, २३ मंसिर । आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि पूर्वपरराष्ट्रमन्त्री डा. आरजु राणा देउवाको नाम कैलाली(५ बाट सिफारिसमा परेको छ ।



नेपाली कांग्रेसको प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको मंगलबार बसेको बैठकले केन्द्रीय सदस्य राणाको नाम प्रत्यक्षतर्फको उम्मेदवारका लागि जिल्ला कार्यसमिति समक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

क्षेत्रीय कार्यसमितिले पूर्वमन्त्री राणासँगै डिल्लीराज पन्त, नरनारायण शाह 'मनु' र नृपबहादुर ओडको नाम सिफारिस गर्ने निर्णय गरेको प्रवक्ता प्रदीप पाठकले जानकारी दिए ।

प्रत्यक्षतर्फ उम्मेदवारका लागि सिफारिसमा परेका पन्त विघटित प्रतिनिधिसभाका सदस्य हुन् । उनी गत निर्वाचनमा कैलाली(५ बाट नेकपा एमालेका नारदमुनि रानालाई पराजित गर्दै प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका थिए ।

यस्तै शाह कांग्रेसको सुदूरपश्चिम प्रदेश कार्यसमितिका महामन्त्री हुन् । उनी कांग्रेस कैलालीका पूर्वसभापति पनि हुन् । ओड कांग्रेसका केन्द्रीय सदस्य हुन् । उनी स्थानीय तह निर्वाचन २०७४ मा धनगढी उपमहानगरपालिकाको प्रमुखमा विजयी भएका थिए ।

क्षेत्रीय कार्यसमितिले समानुपातिकतर्फ ११ जनाको नाम सिफारिस गर्ने निर्णय गरेको पनि प्रवक्ता पाठकले जानकारी दिए । उनका अनुसार राष्ट्रियसभा सदस्यका लागि रिता भण्डारी, हरिश खड्का र रामचन्द्र ओझाको नाम सिफरिस गरिएको छ ।

कांग्रेसले १५ मंसिरमा बसेको केन्द्रीय कार्यसमिति बैठकको निर्णयअनुसार प्रतिनिधिसभाका लागि समनुपातिक र प्रत्यक्षतर्फ तथा राष्ट्रियसभाका लागि उम्मेदवारको नाम सिफारिस गर्न मातहतलाई परिपत्र गरेको थियो ।

# उखुको खरिद मूल्य प्रति क्विन्टल ६२० निर्धारण



दैनिक समाचारदाता
काठमाडौं, २३ मंसिर । सरकारले उखुको न्युनतम खरिद मूल्य तोकेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उखुको न्यूनतम खरिद मूल्य प्रति क्विन्टल ६२० निर्धाण गर्ने निर्णय गरेको हो ।

मङ्गलबार सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले पत्रकार सम्मेलन गर्नु हुँदै मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्नुभएको हो ।

प्रवक्ता खरेलका अनुसार उखु कृषकलाई अनुदान रकम प्रति क्विन्टल ७० कायम गर्ने निणयसमेत सरकारले गरेको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयको प्रस्तावमा यो निर्णय भएको हो ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकका १८ निर्णय प्रवक्ता खरेलले मङ्गलबार एकसाथ सार्वजनिक गर्नुभएको हो।

# मन्त्रिपरिषद् बैठकका १८ निर्णय

दैनिक समाचारदाता
काठमाडौं, २३ मंसिर । सरकारले पछिल्लो पटक बसेका मन्त्रिपरिषद् बैठकका निर्णयहरू सार्वजनिक गरेको छ ।सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता जगदीश खरेलले मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गरेका हुन् ।

हिजो (सोमबार) मन्त्रिपरिषद् बैठक बसेको थियो । उक्त बैठकले विभिन्न १८ वटा निर्णय गरेको सञ्चारमन्त्री खरेलले जानकारी दिए ।उनका अनुसार, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत, कोलोम्बो प्लानको नवौं महासचिव पदमा कृषि मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माको उम्मेदवारी स्वीकृत, तीनकुने घटनामा ज्यान गुमाएका सुरेश रजकलाई शहीद घोषणा लगायतका निर्णय गरेको छ ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४